

# बजार अवलोकन ६४

चैत्र, २०७०†

**निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :**

विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली

कृषि बिकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र

उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- ***२०७० चैत्र महिनामा प्राय बालीहरुको उत्पादन रित्त हुने समय सुरु भएको हुनाले नेपालभर १२ बजारहरुमा अनगुमन गरिएका प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्य सापेक्षिक रुपमा स्थिर रहयो वा न्यून बृद्धि देखियो ।***
- ***२०७० चैत्र महिनामा समग्र स्फीतिदर ९.४ प्रतिशत भयो । खाद्य तथा पेय पदार्थको स्फीतिदर १२.३ प्रतिशतमा सापेक्षिक रुपमा उच्च रहनुका साथै निम्न खाद्य बस्तुहरुको उच्च स्फीतिदर कायमै रहयो: तरकारी (२१.५ प्रतिशत), फलफुल (१७.० प्रतिशत), मासु र माछा ( १३.९ प्रतिशत), र अन्नहरु (११.३ प्रतिशत) ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

२०७० चैत्र महिनामा देशभर अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्यहरु सापेक्षिक रुपमा स्थिर रहयो वा न्यून बृद्धि देखियो । मासिक रुपमा मोटा चामल र गहुँको पिठोको खुद्रा मूल्य क्रमश: ०.२ र ०.४ प्रतिशतका दरले न्यून बृद्धि भयो । यसैगरी, मुसुरोको मूल्य १.२ प्रतिशतका दरले बृद्धि भयो भने मासको मूल्य स्थिर रहयो । यद्यपि, रातो आलु र कुखुराको मासुको मूल्य क्रमश: ३.३ र २.३ प्रतिशतका दरले बृद्धि भयो । खानेतेलहरुको मूल्य सापेक्षिक रुपमा स्थिर रहयो । तीन महिना अगाडीको तुलनामा रातो आलु र भटमासको तेल वाहेक प्राय मूल्यहरुले बढ्दो प्रवृति (trend) देखाए । गत वर्ष सोही समयको तुलनामा अन्नहरु, रातो आलु, कुखुराको मासु र मुसुरोको मूल्यहरुको बढ्दो प्रवृति, र मास र खानेतेलहरुको मूल्यको घट्दो प्रवृतिका साथ मूल्यहरुले मिश्रित प्रवृति देखाए ।

तराईका बजारहरुमा भएको मोटा चामलको मूल्यको प्रवृति वाहेक गत एक महिनामा अन्य क्षेत्रीय बजारहरुमा मूल्यहरुले राष्ट्रिय औसत संग मिल्दोजुल्दो प्रवृति देखाए ।

गत एक महिनामा उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा नियमित रुपमा अनुगमन गरिएका बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढीका पाँच ठूला बजारहरुमा थोक मूल्यहरुले बढ्दो प्रवृति देखाए । कालीमाटी फलफूल तथा तरकारी बजारमा गत एक महिनामा अनुगमन गरिएका प्राय तरकारीको मूल्यहरुले मौसमी रुपमा हुने उच्च उतारचढाव देखाए: काउली, पिडालु, मूला, पालुङ्गो, बोडी र गाँजरको उत्पादन रित्त हुने समय सुरु भएको हुनाले आपूर्तिमा कमि आई मूल्यमा २० प्रतिशत भन्दा बढीका दरले बृद्धि भयो भने तीतेकरेला, परवल, रामतोरीया, गोलभेडा, भेन्टा, फर्सी र घ्यू सीमीको मूल्य ११ प्रतिशत भन्दा बढीका दरले घट्यो ।

नेपाल राष्ट्र बैंकका अनुसार २०७० चैत्र महिनामा समग्र उपभोक्ता मूल्य सूचकाङ्क (CPI) १९८.९ कायम रहयो, जुन मासिक रुपमा १.० प्रतिशतले बृद्धि हो । CPI मा वार्षिक स्फीतिदर ९.४ प्रतिशतले बृद्धि भयो । खाद्य तथा पेय पदार्थको CPI २३८.१ मा कायम रहयो, जुन मासिक रुपमा १.९ प्रतिशतले बृद्धि हो तर वार्षिक रुपमा भने १२.३ प्रतिशतले बृद्धि हो; अन्य विभिन्न खाद्य बस्तहरुको CPI ले वार्षिक रुपमा उच्च बृद्धि देखाए; तरकारी (२१.५), फलफुल (१७.०), मासु र माछा (१३.९ प्रतिशत), मरमसलाहरु (११.६) र अन्नहरु (११.३ प्रतिशत) । गैह्र खाद्य बस्तुहरु र सेवा सम्बन्धि CPI १६९.९ भयो, जुन मासिक रुपमा ०.२ प्रतिशतले र वार्षिक रुपमा ७.० प्रतिशतले बृद्धि हो ।

### आपूर्ति

बजारहरु र यातायात सेवाहरु सुचारु रुपमा सञ्चालन भएको हुनाले देशभर आपूर्ति अवस्था सामान्य रहेको रिपोर्ट छ । यद्यपि, NeKSAP जिल्ला र क्लस्टर संयोजकहरुका अनुसार अनुमानित जेठ २७ बाट सुरु हुने मनसुनी वर्षायामको समयमा यातायात सेवा र आपूर्तिमा बाधा आउन सक्ने हुनाले पहाडी तथा हिमाली बजारहरुमा खाद्य बस्तुहरुको संचिती बढाउने क्रम सुरु भएको छ ।।

### पूर्वानुमान


अपवादस्वरुप हालै भित्र्याइएको हिउँदे बाली वाहेक आउँदो महिनामा प्राय खाद्य बस्तुहरुको मूल्य बृद्धि हुने अनुमान छ । यसका साथै, आउँदा महिनाहरुमा वर्षे तरकारीहरुको मूल्य घट्ने सम्भावना छ ।

समयमा नै भएको वर्षा र मलखादको उपलब्धताले गर्दा मुख्यत गहुँ जस्ता हिउँदे बालीको प्रारम्भिक उत्पादनले गत वर्षको भन्दा न्यून बृद्धि देखायो । यसले देशको खाद्यान्न वासलातमा बृद्धि गराउने अपेक्षा गरिएको छ ।


**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्याधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/ केजि, लि | १ महिनाको परिवर्तन ( %) | अवलोकन |
|---|---|---|---|
| काउली, मूला, अदुवा, गाँजर, पिडालु, पालुङ्गो र बोडी | विभिन्न | > २० | मौसमी रुपमा उत्पादन रित्त हुने समय सुरु भएको हुनाले आपूर्तिमा कमि । |
| तीते करेला, रामतोरीया, गोलभेडा, फर्सी र काक्रो | विभिन्न | >-११ | तीव्र मूल्य बृद्धि पश्चात मूल्यमा कमि । |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

† मूल्यहरु २०७० चैत्र महिनाको मूल्य सँग सम्बन्धित छन् ।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर *सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु* यसमा समावेश छैनन् ।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Suraksha Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# बजार अवलोकन-६४

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- चैत्र, २०७०

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मुख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ४१.० | ०.० | ०.० | १३.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४३.० | ०.० | ०.० | १९.४ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १४५.० | ०.० | ०.० | १.४ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३३५.० | ९.८ | ११.७ | ११.७ | ▲ | ▲ | ▶ |
| | तोरीको तेल | १६७.० | ०.० | -७.२ | ०.० | ▶ | ▶ | ▶ |
| | मास | ११७.० | ०.० | १.७ | ३.५ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०७.० | ०.० | -२.७ | ३.९ | ▶ | ▶ | ▶ |
| | आलु | ३२.० | ०.० | -८.६ | १८.५ | ▶ | ▶ | ▲ |
| पोखरा | मोटा चामल | ४८.० | ४.३ | ९.७ | १४.३ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४५.० | ०.० | ७.१ | ७.१ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३०.० | ०.० | -१०.३ | -१३.३ | ▶ | ▼ | ▶ |
| | कुखुराको मासु | ३८०.० | ५.६ | -३.८ | ८.६ | ▲ | ▶ | ▶ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १३०.० | ०.० | ८.३ | १.६ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२२.० | १.७ | १०.९ | -४.७ | ▶ | ▲ | ▶ |
| | आलु | ३५.० | १६.७ | -१२.५ | ९.४ | ▲ | ▼ | ▶ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ४०.० | ०.० | ५.३ | १४.३ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | ०.० | ०.० | १४.३ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ३.७ | ०.० | ७.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | -६.३ | ७.१ | ७.१ | ▼ | ▶ | ▶ |
| | तोरीको तेल | १६५.० | ०.० | ०.० | -१७.५ | ▶ | ▶ | ▼ |
| | मास | ११०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | १०.० | -४.३ | १०.० | ▲ | ▶ | ▶ |
| | आलु | ३५.० | ३४.६ | ३४.६ | ९४.४ | ▲ | ▲ | ▲ |
| बिरगंज | मोटा चामल | ३८.० | ०.० | ५.६ | ५.६ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३८.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | ३.४ | ३.४ | -७.४ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ७.१ | ७.१ | ०.० | ▲ | ▶ | ▶ |
| | तोरीको तेल | २००.० | ११.१ | २१.२ | ११.१ | ▲ | ▲ | ▶ |
| | मास | ९५.० | ०.० | -५.० | -७.८ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | ०.० | ६.८ | ▶ | ▶ | ▶ |
| | आलु | २५.० | १९.० | -१६.७ | ७८.६ | ▲ | ▼ | ▲ |
| नेपालगंज | मोटा चामल | ३६.० | ०.० | २.९ | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३८.० | ५.६ | ८.६ | ०.० | ▲ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | १.४ | ७.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | १०.७ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | २००.० | ११.१ | २१.२ | -४.८ | ▲ | ▲ | ▶ |
| | मास | ११०.० | -२.७ | -८.३ | -१५.४ | ▶ | ▶ | ▼ |
| | मुसुरो | ९५.० | -३.१ | -५.० | -७.८ | ▶ | ▶ | ▶ |
| | आलु | २५.० | २५.० | २५.० | ५६.३ | ▲ | ▲ | ▲ |
| धनगढी | मोटा चामल | ३५.० | -५.४ | -४.१ | -१२.५ | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | -१.७ | ४.२ | ६.१ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३०.० | -७.१ | -७.१ | -३.७ | ▼ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १६०.० | -१.२ | ०.० | -४.२ | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | -१.६ | -५.५ | -१४.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | -१.६ | ९.१ | १४.३ | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | ०.० | २०.० | ५०.० | ▶ | ▲ | ▲ |

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना१६.७ | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | ३४.० | ०.० | ०.० | २१.४ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ४०.० | ०.० | ०.० | १४.३ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३०.० | -७.१ | ०.० | -७.१ | ▼ | ▶ | ▶ |
| | कुखुराको मासु | ३१०.० | १०.७ | १०.७ | १०.७ | ▲ | ▲ | ▶ |
| | तोरीको तेल | १६०.० | ०.० | -११.१ | -५.९ | ▶ | ▼ | ▶ |
| | मास | ११०.० | ०.० | -८.३ | -१२.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | ०.० | -१६.७ | -९.१ | ▶ | ▼ | ▶ |
| | आ | २५.० | ०.० | ०.० | २५.० | ▶ | ▶ | ▲ |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ४०.० | ०.० | ०.० | २१.२ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ४६.० | ०.० | ०.० | ९.५ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १७५.० | ०.० | ०.० | १६.७ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ९.१ | ९.१ | ४.३ | ▲ | ▶ | ▶ |
| | आलु | ४०.० | ०.० | -३३.३ | ३३.३ | ▶ | ▼ | ▲ |
| रोल्पा | मोटा चामल | ३४.० | ०.० | ०.० | -२.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४५.० | ०.० | १२.५ | ०.० | ▶ | ▲ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | -१४.३ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३३०.० | ०.० | ०.० | १३.८ | ▶ | ▶ | ▶ |
| | मास | ११०.० | ४.८ | ०.० | -१२.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ५०.० | ०.० | ०.० | ६६.७ | ▶ | ▶ | ▲ |
| सांफेबगर | मोटा चामल | ४०.० | ०.० | १४.३ | १४.३ | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | ४२.० | ०.० | ५.० | -१६.० | ▶ | ▶ | ▼ |
| | भटमासको तेल | ३५०.० | -१२.५ | -७.९ | ९.४ | ▼ | ▶ | ▶ |
| | कुखुराको मासु | १६०.० | -५.९ | -५.९ | -११.१ | ▼ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ४.३ | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | ०.० | ०.० | -२०.० | ▶ | ▶ | ▼ |
| जुम्ला | मोटा चामल | ६०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ७०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १६०.० | ०.० | ०.० | -११.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ४४०.० | १०.० | १०.० | १५.८ | ▲ | ▶ | ▲ |
| | मास | १५०.० | ०.० | ७.१ | ५०.० | ▶ | ▶ | ▲ |
| | मुसुरो | १५०.० | ०.० | ७.१ | ५०.० | ▶ | ▶ | ▲ |
| | आलु | ३५.० | १६.७ | १६.७ | १६.७ | ▲ | ▲ | ▲ |
| बाजुरा | मोटा चामल | ३७.० | ०.० | ५.७ | ५.७ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४४.० | ०.० | ४.८ | -१२.० | ▶ | ▶ | ▶ |
| | सीमी | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ९.१ | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | ०.० | ०.० | ३३.३ | ▶ | ▶ | ▲ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४७.० | ०.० | ११.९ | ११.९ | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | २४०.० | ०.० | २०.० | ५०.० | ▶ | ▲ | ▲ |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | सीमी | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | १३०.० | ८.३ | ८.३ | ११६.७ | ▲ | ▶ | ▲ |
| डोल्पा | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | सीमी | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
▶ सामान्य मूल्य परिवर्तन
▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेको

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन।

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो। नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिने छ। थप जानकारीका लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन् नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ।

यो परियोजना यूरोपीयन यूनियनको सहयोगमा सञ्चालित छ।
यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्बित गर्दछ भन्ने कुनै जरुरी छैन।